# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०४।२५ गते

## प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

जिल्ला जनस्वास्थ्य कार्यालय भद्रपुर, झापामा कार्यरत ल्याव टेक्निसियन, अनुगमन अधिकृत (छैठौं तह), राम प्रकाश साहले, सेवाग्राहीको हस्पिटल र डेन्टल क्लिनिकको संचालन अनुमति पत्र नविकरण गर्ने प्रयोजनार्थ सम्पूर्ण प्रकृया पूरा गरेपनि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगाल र ईटहरीबाट खटिई गएको संयुक्त टोलीले निजलाई रु.२,००,०००/- (दुई लाख) घुस रकम लिएको अवस्थामा जिल्ला झापा, भद्रपुर नगरपालिका वडा न. ८ स्थित पृथ्वी आधारभूत मा.वि.को प्राङ्गणमा रहेको लक्ष्येन्द्र टेक्निकल इन्सिच्युटबाट मिति २०७४/०४/२४ गते घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता